त्रिभुवन विश्वविद्यालय
# विज्ञान तथा प्रविधि अध्ययन संस्थान
## डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं, नेपाल

पत्र सङ्ख्या
च.नं. १३३२।०६१।०८०

मिति: २०८१।०२।१०

श्री विभागीय /क्याम्पस प्रमुखज्यू
विज्ञान तथा प्रविधि अध्ययन संस्थान अन्तर्गतका
स्नातकोत्तर कार्यक्रम सञ्चालित विभाग तथा क्याम्पसहरु

विषय: कृष्णचन्द्र रेग्मी पुरस्कार सम्बन्धमा ।

उपर्युक्त सम्बन्धमा समन्वय महाशाखा, त्रि.वि. कीर्तिपुरको चलानी नं. १६४७०८० मिति २०८०।२।७ को पत्रानुसार उक्त महाशाखाबाट २०८०।२।६ गते गोरखापत्रमा प्रकाशित सूचना बमोजिम श्री कृष्णचन्द्र रेग्मी पुरस्कारका लागि विद्यार्थीहरुबाट आवेदन सङ्कलन तथा छनोट गरी तोकिएको मापदण्डभित्र पर्ने विद्यार्थीको दुई दुई प्रति शोधपत्र, व्यक्तिगत विवरण, फोटो, नागरिकता तथा शैक्षिक योग्यताको प्रतिलिपि र त्यस विभाग/क्याम्पसको सिफारिसहित २०८० जेठ २१ गतेभित्रमा यस कार्यालयमा आइपुग्ने गरी पठाइदिनहुन समन्वय महाशाखाको सूचनासहित अनुरोध गर्दछु ।

प्रा.डा. विनिल अर्याल
डीन

बोधार्थ

श्री समन्वय महाशाखा त्रि.वि., कीर्तिपुर ।

टेलिफोन: ९७७-१-४३३०८४४, ४३३१७५५ (प्रशासन), ४४३३०१२० (परीक्षा)

# त्रिभुवन विश्वविद्यालय
## शिक्षाध्यक्षको कार्यालय, समन्वय महाशाखाको
## पुरस्कार सम्बन्धी सूचना

त्रिभुवन विश्वविद्यालयको ६४औं वार्षिक दिवसको अवसरमा त्रिविका अध्ययन संस्थान र संकाय अन्तर्गत आ.व. २०७८।०७९ (२०७८ साउनदेखि २०७९ असार मसान्तसम्म) तपसिल बमोजिमका नगद पुरस्कार र प्रमाणपत्र प्रदान गरिने भएकोले निम्न बमोजिम उल्लेख गरिएका पुरस्कारहरूको नाममा निर्धारित मापदण्डभित्र पर्ने विद्यार्थीहरूले सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र आइपुग्ने गरी सम्बन्धित क्याम्पस/कार्यालयको पत्र सहित अध्ययनसँग सम्बन्धित डीन कार्यालयमा दुई/दुई प्रति शोधपत्र, व्यक्तिगत विवरण, पासपोर्ट साइजको फोटो, नागरिकताको फोटोकपि, शैक्षिक योग्यताको प्रमाणपत्रका प्रतिलिपि (स्नातकोत्तर तहको ट्रान्सक्रिप्ट र ओरिजिनल सर्टिफिकेटको प्रतिलिपि) समेत संलग्न गरी आवेदन दिन सम्बन्धित विद्यार्थीहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। निर्धारित १५ दिनभित्र सम्बन्धित डीन कार्यालयहरूमा प्राप्त भएका आवेदनहरू डीन कार्यालयहरूले ५ दिनभित्र समन्वय महाशाखामा सिफारिस सहित पठाउनु पर्नेछ। रीत नपुगी वा म्याद नाघी प्राप्त हुने आवेदन उपर कुनै कारबाही नहुने व्यहोरा अवगत गराउँदै आवेदनसाथ प्राप्त शोधपत्रहरू मूल्याङ्कनपछि उत्कृष्ट ठहरिएकोलाई पुरस्कृत गरिने र अन्य शोधपत्रहरू फिर्ता गरिनेछ। पुरस्कार सम्बन्धी अन्तिम निर्णय गर्ने अधिकार त्रिविमा सुरक्षित रहने छ।

१. **श्री कृष्णचन्द्र रेग्मी पुरस्कार, कोटा – १**

क) विज्ञान तथा प्रविधि अध्ययन संस्थान, मानविकी तथा सामाजिकशास्त्र, व्यवस्थापन, शिक्षाशास्त्र र कानून संकाय अन्तर्गतका विद्यार्थीहरूले **"नेपाल सम्बन्धी"** विषयमा शोधकार्य (थेसिस) गरी स्नातकोत्तर तह उत्तीर्ण गरेको हुनुपर्ने।

ख) प्रमाणपत्र सहित नगद रु. ५,०००।– (अक्षरुपी पाँच हजार रुपियाँ मात्र)